बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–१**

**खण्ड:५ संख्याः २ मितिः २०७८/१०/२२**

## बारबर्दिया नगरपालिकाको सहकारी ऐन, २०७४ प्रथम संशोधन २०७८

**नगरसभा निर्णय मितिः२०७८/१०/२२**

**परिच्छेद १**

**परिभाषाः**

१. **"सहकारी समन्वय,समिति (सञ्जाल)"** भन्नाले नगरपालिका स्तरीय सहकारी समन्वय समिति (सञ्जाल)लाई सम्झनु पर्दछ ।

**परिच्छेद २०**

**बिबिध**

१. **नगरपालिका स्तरीय सहकारी समन्वय समिति (सञ्जाल) गठनः** यस नगरपालिका र यस अघि डिभिजन सहकारी कार्यालयमा दर्ता भै कार्य सञ्चालनमा रहेका सहकारी संस्थाहरुको अनुगमन, निरिक्षण तथा प्रभावकारिता बढाउनुका साथै सहकारी संस्थाहरुसंग हातेमालो गर्दै सहकारीको सिद्वान्त मुताविक कार्यसञ्चालन गरि संस्थामा आवद्द जनताहरुको नगरपालिकाको कार्यक्षेत्र भित्र क्रियाशील सबै सहकारीको अध्यक्ष वा प्रतिनिधिहरुको प्रथम पटक भेला गराई नगरपालिकाका प्रमुख र उपप्रमुख र सहकारी क्षेत्र हेर्ने नगरकार्यपालिकाले तोकेको

पदाधिकारीको रोहबर/उपस्थितिमा बैठक बसी क्षेत्रगत प्रतिनिधित्व मिल्ने गरी साथै समावेशीतालाई समेत ध्यान दिई ११ देखि १५ सदस्य रहने गरी एक सहकारी समन्वय समिति (सञ्जाल) गठन गर्न सकिनेछ ।

**२. नगरपालिका स्तरीय सहकारी समन्वय समिति (सञ्जाल) सञ्चालन र ब्यवस्थापनः** बारबर्दिया नगरकार्यपालिकाले आवस्यकता अनुसार सहकारी समन्वय समिति (सञ्जाल) सञ्चालन र ब्यवस्थापन कार्यबिधि र सो सञ्चालनको नमुना बिधान बनाउन सक्नेछ ।

**३. नगरपालिका स्तरीय सहकारी समन्वय समिति (सञ्जाल) को काम कर्तव्य अधिकारः**

क) आबद्द संस्थाहरुको हित र बिकासका लागि छाता संगठनको रुपमा बहस र पैरवी गर्ने ।

ख) संस्थाहरुको क्षमता अभिवृद्दिका लागि बिभिन्न सिपमुलक तालिम, गोष्ठी तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गर्न नगरपालिका, अन्य निकाय तथा व्यक्तिहरुसंग समन्वय गरी सहयोग पुर्याउने ।

ग) संस्थाहरुको बचत/ऋण कारोवार र लेखापरीक्षण कार्यमा एकरुपता ल्याउन सहयोग पुर्याउने ।

घ) सहकारी संस्थाहरु बीच अन्तर लगानी र अन्तर सहयोगका लागि पुलको रुपमा काम गर्ने ।

ङ) संस्थाहरुमा समय/समयमा आवस्यक निति निर्माण, परिमार्जन र संसोधनका लागि सहजिकरणको कार्य गर्ने ।

च) सहकारी संस्था, संघ,छाता संगठनहरु, नगरपालिका,प्रदेश एवं केन्द्र बीच समन्वयकारी भूमिका निर्वाह गरी सहकारीको प्रवर्दन, नियमन एवं प्रशिक्षण लगायतका कार्यहरुमा कार्यालयलाई आवस्यक सहयोग गर्ने ।

छ) नगरस्तरिय सहकारी संजालले आफ्नो कार्यलाइ अगाडी बढाइ कार्य संचालन गर्न सञ्जालको बिधान बनाई बारबर्दिया नगरपालिकाबाट स्वीकृत गराइ बिधान बमोजिमको कार्यहरु संचालन गर्ने।

ज) बारबर्दिया नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

आज्ञाले

महेन्द्रजङ्ग शाही

प्रमुख प्रशासकीय अधिकृत